# पातारासी गाउँपालिकाको शिक्षा ऐन, २०७५

**प्रस्तावना :** राष्ट्र विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुलको गुणस्तरीय शिक्षा प्रदान गर्न यस पातारासी गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भईरहेका विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२१, अनुसुची ८ को सुची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) बमोजिम पातारासी गाउँपालिकाको गाउँसभाले यो ऐन जारीगरेको हो ।

**१) संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "***पातारासी गाउँपालिका शिक्षा ऐन २०७५***" रहेको छ ।

**२) परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) विद्यालय शिक्षा भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

ख) आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षा देखि आठ कक्षा सम्म दिईने शिक्षा सम्झनुपर्छ ।

ग) माध्यमिक शिक्षा भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिईने शिक्षा सम्झनुपर्छ ।

घ) विद्यालय भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

ङ) आधारभूत विद्यालय भन्नाले खण्ड ख बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

च) माध्यमिक विद्यालय भन्नाले खण्ड ग बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनुपर्छ ।

छ) शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

ज) कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

ञ) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ ।

ट) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

ठ) अनुमति भन्नाले गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थाई स्वीकृतिलाई जनाउँछ ।

ड) स्वीकृति भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई गाउँ कार्यपालिकाले दिएको स्थाई स्वीकृतिलाई जनाउँछ ।

ढ) आवासीय विद्यालय भन्नाले गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरेको विद्यालयलाई जनाउँछ ।

ण) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

त) संस्थागत विद्यालय भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

थ) शैक्षिक गुठी भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

द) आयोग भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

ध) गाउँपालिका भन्नाले पातारासी गाउँपालिका सम्झनुपर्छ ।

न) गाउँसभा भन्नाले पातारासी गाउँपालिकाको गाउँसभालाई जनाउँछ ।

प) प्रारम्भिक बाल शिक्षा भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई दिईने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनुपर्छ ।

फ) विशेष शिक्षा भन्नाले दृष्टि बिहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अति अशक्त शारिरीक अपांगता भएका बालबालिकाहरुलाई छुट्टै समुहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनुपर्छ ।

ब) स्थाई आवासीय अनुमति भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थाई बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराईएको डाईभर्सिटी ईमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थाई रुपमा वसोवास गर्न दिईएको जुनसुकै नामको स्थाई आवासीय अनुमतिलाई जनाउँछ ।

**३.विद्यालय खोल्न अनुमति लिनुपर्ने :** (१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस सहित तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँ शिक्षा शाखा वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बमोजिम पालना गर्ने गरी अनुमति दिईनेछ ।

(३) उपदफा (२) बमोजिमको अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा गाउँशिक्षा शाखा वा तोकिएको अधिकारीले स्वीकृत प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न ताकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदन मनासिब देखिएमा माग बमोजिम विद्यालय खोल्न स्वीकृति दिनेछ ।

**४) विद्यालय सञ्चालन :** विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५) परीक्षाको परिचालन र नियन्त्रण :** आधारभूत शिक्षा उत्तीर्ण परीक्षा र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

**६) माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षा देहाय प्रकारका हुनेछन् ।

क) साधारण माध्यमिक शिक्षा

ख) प्राविधिक तथा व्यवशायिक शिक्षा

**७) विशेष शिक्षा, समवेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धि व्यवस्था :** (१) कुनै विद्यालयले विशेष शिक्षा, समवेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई गाउँशिक्षा शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँशिक्षा शाखाले आवश्यक जाँचबुझ गरी तोकिएको शर्त बन्देज पालना गर्ने गरी स्वीकृति दिन सक्नेछ ।

(३) दूर शिक्षा, समावेशी शिक्षा र विशेष शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टि बिहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अति अशक्त शारिरीक अपांगता भएका बालबालिकाहरुको लागि पाठ्क्रम, पाठ्यपुस्तक, शिक्षण सिकाई प्रक्रिया र मूल्यांकन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

**८) शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अँग्रेजी भाषा वा दुवै हुनेछ ।

(२) अनिवार्य अँग्रेजी भाषा अध्ययन गराउँदा अँग्रेजी भाषामा नै गराउनुपर्छ ।

**९) विद्यालयको पाठ्यक्रम र पाठ्पुस्तक :** विद्यालयले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले स्वीकृत गरेको पाठ्यक्रम वा पाठ्यपुस्तक लागु गर्नुपर्नेछ । गाउँपालिकाले गाउँस्तरमा पाठ्क्रम पाठ्यपुस्तक विकास गर्नका लागि स्थानीय पाठ्यक्रम विकास केन्द्र स्थापना गर्न सक्नेछ ।

**१०) गाउँशिक्षा शाखा :**गाउँपालिका सरकारले यस गाउँपालिकामा एक गाउँशिक्षा शाखा स्थापना गर्न सक्नेछ ।

**११) गाउँ शिक्षा समिति :** (१) गाउँपालिका सेवाक्षेत्रभित्र सञ्चालन हुने प्रत्यक विद्यालयको सञ्चालन, व्यवस्थापन, तिनको रेखदेख र सहजीकरण गरी समन्वय गर्नको लागि यस गाउँ पालिकामा देहाय बमोजिमको एक गाउँशिक्षा समिति गठन हुनेछ ।

क) गाउँपालिकाको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति – अध्यक्ष

ख) गाउँपालिकाले तोकेको गाउँपालिकाका सदस्यहरुमध्येबाट एक जना महिला सहित दुई जना – सदस्य

ग) गाउँपालिकाभित्रका वि.व्य.स. अध्यक्षहरुमध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना – सदस्य

घ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना महिला र एक जना दलित सहित तीन जना – सदस्य

ङ) गाउँपालिकाभित्रका विद्यालयका प्रधानाध्यापकहरुमध्ये उच्चतम विद्यालयको प्र.अ. – सदस्य

च) गाउँपालिका भित्रका नेपाल सरकारबाट स्विकृत संस्थागत विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट एक जना –सदस्य

छ) गाउँपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालय वा अपांगता सम्बन्धि शिक्षण संस्थाबाट प्रतिनिधित्व हुनेगरी गाउँशिक्षा समितिले मनोनित गरेको अपांगता भएको व्यक्ति र एकजना महिला सहित दुई जना – सदस्य

ज) गाउँस्तरीय शिक्षक महासंघको अध्यक्ष – सदस्य

झ) गाउँशिक्षा अधिकारी – सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधी ३ वर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको पाईएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत हटाउन सक्नेछ तर निजलाई त्यसरी पदबाट हटाउनु भन्दा अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) गाउँशिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) शिक्षा सम्बन्धी गाउँस्तरीय योजना तर्जुमा गर्ने र प्रत्येक २ महिनामा १ पटक बैठक गर्ने वा आवश्यक परेको खण्डमा जुनसुकै बेला बस्न सक्नेछ ।

ख) सामुदायिक विद्यालयलाई आवश्यक पर्ने आर्थिक सहयोग उपलब्ध गराउने ।

ग) गाउँपालिकाको शैक्षिक गुणस्तर विकासको लागि स्रोत जुटाउन आवश्यक व्यवस्था गर्ने ।

घ) गाउँपालिकाभित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा सञ्चालन गर्ने ।

ङ) सामुदायिक विद्यालयको लेखापरीक्षकको पारिश्रमिक निर्धारण गर्ने ।

च) गाउँपालिकाभित्रका सामुदायिक विद्यालय अन्तर्गत नेपाल सरकारबाट स्वीकृत दरबन्दी तथा गाउँपालिकाले सृजना गरेका शिक्षक दरकन्दीलाई विद्यार्थी संख्याको आधारमा न्यूनतम कक्षागत दरबन्दी कायम गरी उपलब्ध तथा सृजित दरबन्दी वितरण र मिलान गर्ने ।

छ) गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा शिक्षक विद्यार्थीको अनुपात मिलाउने ।

ज) गाउँपालिका क्षेत्रभित्रका विद्यालय समायोजन तथा शिक्षक, कर्मचारीको नियुक्ति, सरुवा, बढुवा तथा आवश्यक कार्यक्रमको लागि मापदण्ड तयार गर्ने ।

झ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(४) गाउँशिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) गाउँशिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२) वडा शिक्षा समिति :**(१)गाउँशिक्षा समितिले गाउँपालिकाका प्रत्येक वडाहरुमा आवश्यकता अनुसार वडा शिक्षा समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने वडा शिक्षा समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३) सामुदायिक सिकाई, शैक्षिक परामर्श तथा शैक्षिक अनुसन्धान केन्द्र सञ्चालन गर्न सक्ने** (१) गाउँपालिकाले समुदायमा साक्षरता सीप, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका विद्यालयका विद्यार्थीहरुलाई आवश्यक शैक्षिक परामर्श दिन तोकिए बमोजिम शैक्षिक परामर्शकेन्द्र सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको औपचारिक तथा अनौपचारिक शिक्षाका समस्या र समाधानका सम्भावित उपायहरु पत्ता लगाउन विद्यार्थी तथा शिक्षकको लागि अनुसन्धान केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१४) प्रारम्भिक बाल विकास शिक्षा सम्बन्धि व्यवस्था :** (१) प्रत्येक विद्यालय वा समुदायमा गाउँपालिकाले आफ्नो आवश्यकताको आधारमा एउटा बाल विकास केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा(१) बमोजिम स्थापना भएका वा यसभन्दा अघि स्थापना भई सञ्चालनमा रहेका बाल विकास केन्द्रलाई गाउँपालिकाले तोकिएको आधारमा अनुदान दिन सक्नेछ ।

**१५) अनुदानको व्यवस्था :**(१) सामुदायिक विद्यालयलाई गाउँपालिकाले तोकिए बमोजिम अनुदानको व्यवस्था गर्नेछ ।

(२) गाउँपालिकाले यो ऐन पारित हुँदाका वखत सामुदायिक विद्यालयलाई दिईंदै आएको अनुदान कटौती गर्ने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिईंदै आएको अनुदानमा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

**१६) साझेदारीको रुपमा विद्यालय सञ्चालन गर्न सक्ने :** (१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुबीच साझेदारीको रुपमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने विद्यालयमा गठन हुने विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तथा साझेदारीका तरिकाहरु तोकिए बमोजिम हुनेछन् ।

**१७) सहकारीको रुपमा विद्यालय सञ्चालन गर्न सक्ने :** (१) गाउँपालिका क्षेत्रभित्र सहकारीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले सो को विधान बनाई गाउँ शिक्षा शााखामा निवेदन पेश गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा तोकिएको अधिकारीले सो विधान तथा स्थलगत जाँचबुझ गरी गराई मनासीब देखिएमा निवेदन बमोजिम अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त विद्यालयको सञ्चालन, व्यवस्थापन तथा नियमन तोकिए बमोजिम हुनेछ ।

**१८) प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम सम्बन्धि व्यवस्था :** (१) प्राविधिक शिक्षा तथा व्यवशायिक तालिमको अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र रहेका प्राविधिक शिक्षालयहरुमा अध्ययन गर्ने ईन्जिनियरिङ्, कृषि, भेटनरी, बागबानी जस्ता विषयहरुमा शैद्धान्तिक ज्ञान लिई अध्ययन पुरा गरेका प्रशिक्षार्थीहरुलाई संलग्न गरी समुदायमा व्यवशायिक पाठशाला सञ्चालन गर्न सक्नेछ ।

**१९) छात्रवृत्तीको व्यवस्था गर्न सक्ने :** (१) गाउँ शिक्षा शाखाले उच्च तहमा प्राविधिक विषय अध्ययन गर्ने जेहेन्दार तथा गरीब विद्यार्थीलाई आवश्यक शर्त तोकी छात्रवृत्तीको व्यवस्था गर्न सक्नेछ ।

(२) छात्रवृत्ती सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०) विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक विद्यालय सञ्चालन, व्यवस्थापन र तिनको उचित रेखदेख गर्नको लागि विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य – अध्यक्ष

ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएको दुईजना महिला सहित चारजना – सदस्य

ख) गाउँपालिका भित्रका विद्यालयको सम्बन्धित वडाका वडा समितिका सदस्यहरुमध्येबाट सो समितिले मनोनयन गरेको एक जना – सदस्य

ग) विद्यालयको संस्थापक, शिक्षाप्रेमी, स्थानीय बुद्धिजीवी, समाजसेवी वा चन्दादाताहरुमध्ये विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुईजना – सदस्य

घ) विद्यालयका शिक्षकहरुमध्ये गाउँशिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(२) प्राविधिक वा व्यवशायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयमा गाउँपालिका स्तरको उद्योग तथा वाणिज्य महासंघको दुईजना प्रथिनिधी सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड क,ख,ग बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले अध्यक्षता ग्रहण गर्न सक्नेछ

(५) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको वैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(६) संस्थागतविद्यालय सञ्चालन, व्यवस्थापन र सो को उचित रेखदेख गर्नको लागि विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) गाउँशिक्षा समितिको समन्वयमा विद्यालयका संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा गाउँशिक्षा अधिकारीले मनोनित गरेको व्यक्ति – अध्यक्ष

ख) अभिभावकहरुमध्येबाट एक जना महिला वा दलित सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना – सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्ये गाउँशिक्षा समितिले मनोनित गरेको एक जना – सदस्य

घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक –सदस्य

ङ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्ये छानी पठाएको एकजना – सदस्य

च) विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

७) उपदफा(१) , क र ४ बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधी ३ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

८) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार : देहाय बमोजिम हुनेछ ।

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको उचित परिचालन गर्ने ।

ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्यांक र विवरण अध्यावधिक गराई राख्ने ।

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँशिक्षा समितिलाई दिने

ङ) गाउँशिक्षा कार्यालयले तोकेको लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने ।
च) लेखारीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँशिक्षा कार्यालयमा पेश गर्ने ।

छ) गाउँशिक्षा कार्यालयबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने ।

ज) गाउँशिक्षा समिति र गाउँशिक्षा कार्यालयले दिएको निर्देशनहरुको पालना गर्ने ।

झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

ञ) आफैंले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक, अभिभावक संघ गठन गर्ने ।

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) विद्‌यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको यचित परिचालन गर्ने ।

ख) विद्‌यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

ग) विद्‌यालयको चल अचल सम्पत्तिको सुरक्षा गर्ने ।

घ) विद्‌यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने ।

ङ) नेपाल सरकारले लागु गरेको पाठ्क्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने र अन्य सहयोगी पाठ्यपुस्तक पढाउन आवश्यक देखिएमा गाउँशिक्षा कार्यालयको स्वीकृति लिने ।

च) शिक्षक सेवा आयोगबाट अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको उम्मेदवार हुन योग्यता पुगेको व्यक्तिलाई आवश्यक प्रक्रिया पर्‍याई शिक्षक पदमा नियुक्ति गर्ने ।

छ) नेपाल सरकारले तोकि दिएको तलव स्कलमा नघटाई शिक्षकलाई पारिश्रमिकको व्यवस्था गर्ने ।

ज) अनुशासनहीन शिक्षक उपर कारबाही दिने ।

झ) संस्थागत विद्‌यालयले प्रत्यक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँशिक्षा कार्यालयमा पेश गर्ने ।

ञ) गाउँपालिकाले दिएको निर्देशनहरुको उचित पालना गर्ने ।

**२१) विद्‌यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने :** (१) कुनै विद्‌यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा नगरेमा सो को कारण खुलाई गाउँशिक्षा समितिले त्यस्तो विद्‌यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्‌यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(२) उपदफा (१) बमोजिम विद्‌यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्‌यालय व्यवस्थापन समिति गठन नभएसम्मको लागि वा अन्य कुनै कारणले विद्‌यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्‌यालय व्यवस्थापन समितिको काम गर्न गाउँशिक्षा समितिले एक अस्थायी विद्‌यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२२) गाउँशिक्षा कोष :** (१) यस गाउँपालिकामा एक गाउँशिक्षा कोष स्थापना हुनेछ जसमा देहायका रकमहरु रहनेछन् ।

क) नेपाल सरकारबाट प्राप्त अनुदान

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

ग) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

घ) गाउँ कार्यपालिकाबाट प्राप्त अनुदान

ङ) शिक्षा करबाट उठेको रकम

च) चन्दाबाट उठेको रकम

छ) दातृ संस्थाले अनुदान स्वरुप दिएको प्राप्त रकम

ज) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२३) विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछन् ।

क) नेपाल सरकारबाट प्राप्त अनुदान

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

ग) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

घ) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान

ङ) शुल्कबाट उठेको रकम

च) चन्दा वा दातव्य स्वरुप प्राप्त रकम

ज) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२४) गाउँकार्यपालिकाले निर्देशन दिन सक्ने :** (१) गाउँ कार्यपालिकाले आवश्यकता अनुसार गाउँशिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु प्रत्येक गाउँशिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२५) गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न र कक्षा घटाउन :** गाउँ कार्यपालिका वा तोकिएको अधिकारीले गाउँशिक्षा समितिको राय लिई सञ्चालन भईरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गर्न वा कक्षा घटाउनको लागि अनुमति वा स्वीकृतिका लागि सिफारिस गर्न सक्नेछ ।

**२६) विद्यालयको सम्पत्ति :** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएको खण्डमा प्रचलित कानून बमोजिम चल सम्पत्ति बेचबिखन गरी प्राप्त रकम सम्बन्धित गाउँशिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाईने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनिको नाममा रहनेछ ।

**२७) विद्यालयलाई छुट र सुविधा :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकको अन्य विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा गाउँपालिकाले तोकिदिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

**२८) विद्यालय, शिक्षक तथा विद्यार्थीको वर्गीकरण :** विद्यालय, शिक्षक तथा विद्यार्थीको वर्गीकरणका आधारहरु तोकिए बमोजिम हुनेछन् ।

**२९) अनुमति वा स्वीकृति रद्द गर्न सक्ने :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ ।

**३०) शुल्क सम्बन्धी व्यवस्था : (१)** माध्यमिक तह सम्मको शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीबाट कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो स्वच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सांकेतिक भाषाको प्रयोग गर्ने विद्यार्थीलाई पनि निःशुल्क शिक्षाको अवसर प्रदान गरिनेछ ।

(४) उपदफा (१) र(३) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा वाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिईने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृति गराई निर्धारण गर्न सक्छ । यसरी शुल्क निर्धारण गर्दा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा स्वीकृति दिईनेछ ।

(६) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले त्यस्तो शुल्क विद्यार्थीलाई फिर्ता गर्न लगाई एक लाख रुपैंया सम्म जरिवाना गर्न सकिनेछ ।

**३१) शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :** (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिकामा एक शिक्षक महासंघ रहनेछ ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ ।

(३) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई पदबाट हटाईनेछ ।

क) पदीय दायित्व पुरा नगरेमा

ख) विना सुचना लगातार पन्ध्रदिनभन्दा बढी समय सम्म लगातार अनुपस्थित रहेमा ।

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ।

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य कुनै व्यवशायिक क्रियाकलाप गरेको पाईएमा वा गरेमा ।

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाईएमा ।

छ) शिक्षकले अन्य देशको स्थायी आवसीय अनुमति पत्र लिएमा ।

(४) दफा (३) 'ङ' को अनुसार जुनसुकै कुरा लेखिएको भएता पनि आफ्नो पेशागत हक हितको लागि खोलिएको संगठनको सदस्य हुनबाट रोक लगाएको मानिने छैन

(५) शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा अधिकारीले हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३२) शैक्षिक योग्यता :** विद्यालयको शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३३) अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :** (१) विभागीय सजाय पाई नोकरीबाट हटाईएको वा बर्खास्त भएको शिक्षक तथा कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले हटेदेखि पुनः बहाली भएसम्मको अवधीको पुरा तलब पाउनेछ ।

**३४) शिक्षक तथा कर्मचारीको नियुक्ति वा सरुवा :** (१) गाउँपालिकाभित्र रहेका रिक्त अस्थाई, राहत, करार, अनुदान तथा निजी स्रोतका शिक्षक तथा कर्मचारी नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिका सेवाक्षेत्रभित्रका स्थायी, अस्थायी दरबन्दी, राहत तथा अनुदानमा नियुक्त शिक्षकलाई गाउँशिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले गाउँपालिका भित्रका विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(३) स्वैच्छिक रुपमा सरुवा हुन चाहने शिक्षकले तोकिएबमोजिमको फाराम भरी सम्बन्धित गाउँशिक्षा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा गाउँशिक्षा अधिकारीले दरबन्दी रिक्तर विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई निश्चित समयावधी तोकी सरुवा गर्न सक्नेछ । त्यसरी सरुवा गर्दा दुवै विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमति अनिवार्य रुपमा आवश्यक पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा पाँच वर्षे अवधी पुरा गरेको शिक्षकलाई निश्चित मापदण्डको आधारमा गाउँशिक्षा अधिकारीले समयावधी तोकी सरुवा गर्न सक्नेछ ।

(५) तोकिएको मापदण्डको आधारमा गाउँशिक्षा कार्यालयले दरबन्दी मिलानको क्रममा शिक्षकको सरुवा गर्न सक्नेछ । तर त्यस्तो अवस्थामा माथिका उपदफाहरु लागुहुने छैनन् ।

**३५) प्रधानाध्यापकको व्यवस्था :** (१) हरेक विद्यालयको प्राज्ञिक तथा प्रशासनिक कार्य सम्पादन गर्नको लागि त्यस विद्यालयमा भएका शिक्षकहरुमध्ये तहगत रुपमा वरिष्ठत शिक्षक नै प्रधानाध्यापक रहनेछ ।

(२) गाउँ कार्यपालिका कार्यालयले प्रधानाध्यापकको पद करार दरबन्दीमासृजना गरेको खण्डमा खुला विज्ञापन गरी योग्यता पुगेका व्यक्तिहरुमध्ये गाउँशिक्षा समितिको सिफारिस सहित प्रधानाध्यापकको नियुक्ति करारमा तोकिए बमोजिम हुनेछ ।

(३) प्रधानाध्यापकको छनौट, काम, कर्तव्य र अधिकार तथा सेवा, सुविधा तोकिए बमोजिम हुनेछ ।

**३६) संस्थागत विद्यालयले छात्रवृत्ती उपलब्ध गराउनुपर्ने :** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको दश प्रतिशतमा नघटाई जेहेन्दार, बिपन्न, अपांग, महिला,अनाथ, दलित, सहिदका छोराछोरी तथा जनजाति, अल्पसंख्यक, सीमान्तकृत समुदायकाविद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ती छनौट समिति र छनौटका आधारहरु तोकिए बमोजिमका हुनेछन् ।

**३७) तलव भत्ता नपाउने र सेवा अवधी गणना नहुने :** दफा (३०) को अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित भएको शिक्षकले अनुपस्थित भएको अवधीको तलव भत्ता पाउने छैन र त्यस्तो अवधी निजको सेवामा गणना हुने छैन ।

**३८) शैक्षिक परामर्श सेवा, वैदेशिक शैक्षिक कार्यक्रम, कोचिङ्ग कक्षा, ट्यूसन वा ब्रिजकोर्ष शिक्षण सञ्चालन सम्बन्धी व्यवस्था :** (१) कसैले पनि यो ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, वैदेशिक शैक्षिक कार्यक्रम, कोचिङ्ग कक्षा, ट्यूसन वा ब्रिजकोर्ष, भाषा शिक्षण कक्षा, पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाईनेछैन ।

(२)उपदफा (१) बमोजिमका शैक्षिक कार्यक्रमको अनुमति, अनुगमन र नियमन सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**३९) अभिभावक शिक्षा प्रदान गर्न सक्ने :** (१) गाउँशिक्षा कार्यालयले गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुकोसेवाक्षेत्रभित्रका अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अभिभावक शिक्षा तोकिए बमोजिम हुनेछ ।

**४०) पुस्तकालय तथा वाचनालय सम्बन्धि व्यवस्था :** गाउँपालिका क्षेत्रभित्र पुस्तकालय तथा वाचनालयको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

**४१) बालबालिकालाई निष्कासन गर्न, शारिरीक वा मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) विद्यालयमा कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरीक वा मानसिक यातना दिन वा दुर्व्यव्यवहार गर्न पाईने छैन । विद्यालयमा बालबालिकालाई बालमैत्री वातावरणमा पठन पाठन गराउनुपर्नेछ ।सो बालमैत्री विद्यालयका आधारहरु तोकिए बमोजिम हुनेछन् ।

**४२) दण्ड र सजाय :** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोको दोब्बर जरिवाना गर्न सक्नेछ । (२) कसैले देहायका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्यमा सहयोग पु–याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाखसम्म जरिवाना वा छ महिना कैद वा दुवै सजाय हुनेछ ।

क) प्रश्नपत्रको गोपनियता भंग गरेमा ।

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरहवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा ।

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गरेमा वा प्रवेश गर्न प्रयत्न गरेमा वा परीक्षाकेन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा ।

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा।

ङ) अरुको तर्फबाट परीक्षा दिएमा ।

च)परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा ।

छ)विद्यार्थी भर्ना गर्दा दान उपहार वा अन्य कुनै रकम लिएमा ।

ज) अनुमति नलिई दफा ३० कोउपदफा १ वमोजिमका शैक्षिक कार्यक्रम सञ्चालन गरेमा ।

३)कानुन वमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा यस ऐन बमोजिम बिभागीय सजाय गरिने छ ।

४)निलम्बनको अबधिमा शिक्षकले आधा तलब पाउने छ भने सफाई पाएमा पूरा तलब पाउने छ ।

**४३)पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर ३५ दिनभित्र कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४४)दरबन्दी सिर्जना गर्न सक्ने :**नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी नभएका र दरवन्दी अपुग भएका बिद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि करार शिक्षक तथा कर्मचारीको पद सिर्जना गर्न सक्नेछ र त्यस्ता शिक्षक तथा कर्मचारीको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**४५) नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले प्रचलित शिक्षा ऐन तथा प्रचलित कानून बमोजिम आवश्यक नियम बनाउन सक्नेछ ।

**४६) निर्देशिका तथा कार्यविधि बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनका लागि गाउँपालिकाको शिक्षा हेर्ने निकायले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**४७) बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**४८) बचाउ रलागु नहुने :** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा प्रचलित भ्रष्टाचार निवारण ऐन बमोजिम कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका दफा तथा उपदफाहरु संधिान र शिक्षा ऐन तथा नियमावलीसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निश्क्रिय हुनेछन् ।